नेपाल सरकार
संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन:- ०१-४२००३०९
फ्याक्स नं:
सिंहदरबार,
काठमाण्डौ ।

पत्र संख्या:- २०७२।०७३

चलानी नं:-

मिति: २०७३।३।१३

**प्रेस विज्ञप्ति**

छानविन टोली खटाइएको सम्बन्धमा।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय निकायबाट प्रदान हुने सेवा प्रवाह तथा विकास निर्माणको कार्यमा निरन्तर क्रियाशील रहंदै आएको छ । स्थानीय निकायहरुमा संचालित विभिन्न आयोजनाहरुको सम्झौता, कार्यान्वयनको अवस्था तथा कर्मचारी व्यवस्थापन लगायत विभिन्न किसिमका टेण्डर प्रकृया तथा ढुङ्गा गिट्टी वालुवाको वोलपत्रका सम्बन्धमा अनियमितता र कार्यसंपादन सन्तोषजनक नभएको भन्ने जनगुनासो देखिएकाले वझाङग् र कैलालिमा स्थलगत अनुगमन एवं छानविन गर्न उपसचिव स्तरका कर्मचारीको संयोजकत्वमा बेग्ला बेग्लै छानवीन टोली खटाइएको छ । टोलीको स्थलगत अनुगमन र छानवीनका आधारमा मन्त्रालयले आवश्यक प्रकृया अगाडि बढाउने छ । स्थानीय निकायहरुलाई प्रचलित कानूनी प्रक्रिया बमोजिम कार्य गर्न सहजता हुने वातावरण सिर्जना गर्न सम्बन्धित राजनैतिक दलहरु, नागरिक समाज, स्थानीय निकायहरु एवं सर्वसाधारण सबैमा मन्त्रालय पुन: हार्दिक अनुरोध गर्दछ ।

२०७३।३।१२

पूर्णचन्द्र भट्टराई

सहसचिव एवं प्रवक्ता